## 17. मुक्तिदाताको पहिचान (यशैया 9:1, 6-7)

## The Savior’s Identity (Isaiah 9:1, 6-7)

### जडान गर्नुहोस्

• तपाई आज केको लागि आभारी हुनुहुन्छ?

• गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?

• तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?

• तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?

• तपाईंले पछिल्लो सत्रको खोज कसलाई साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

### निर्देशन:

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

### पत्ता लगाउनुहोस्

**चरण 1**- सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2**- एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3**- एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

### मुक्तिदाताको पहिचान (यशैया ९:१, ६-७)

**Isaiah 9:1**

पहिला मानिसहरूले सोचे जबूलून र नप्तालीको कुनै महत्व थिएन। तर पछि परमेश्वरले ती तीन जग्गाहरूलाई महिमामय बनाउनु हुनेछ। ती तीन जग्गाहरू हुनः समुद्रको बाटो, यर्दन नदीको पूर्वमा भएको जग्गा र गालीलका गैर-यहूदीहरू।

**Isaiah 6-7 (यशैया ६-७)**

6 कुनै विशेष बालक जन्मदा त्यस्तो घट्ना हुनेछ। परमेश्वरले हामीलाई एउटा पुत्र दिनु हुनेछ। त्यही बालकले मानिसहरूमाथि शासन गर्ने जिम्मेवारी लिनेछ। उहाँका नाउँ "अचम्मका सल्लहाकार, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाउनु हुनेछ।" 7 उहाँको राज्यमा शक्ति र शान्ति रहनेछ। दाऊद परिवारको यस राजा सदा अभिवृद्धि भइरहनेछ। यस राजाले सदा-सदाकोलागि धार्मिकता अनि न्यायका साथ देश शासन गर्नु हुनेछ। सेनाहरूका परमप्रभुसित आफ्ना मानिसहरूप्रति उत्कट प्रेम छ। यस उत्तेजित जोशले गर्दा यो सबै उहाँद्वारा गरिनेछ।

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल । सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

• यो खण्डको अर्थ के हो?

• यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाई ं आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार। हाम्रो प्रभु येशूको नाममा जयमशी)